# प्रदेश सभामा सार्वजनिक लेखा समितिको भूमिका



उपेन्द्रकुमार गुरुङ *

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरुद्वारा गरिन्छ । संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाउन Mini parliament को रूपमा संसदको नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरु मध्येबाट तोकिएका सदस्यहरु रहने गरी विभिन्न संसदीय समितिहरु गठन गरिन्छन् ।

सार्वजनिक लेखा समिति संसदको एक महत्वपूर्ण विषयगत समिति हो। संसदीय इतिहासलाई हेर्दा सन् १८६१ मा दलीय प्रतिनिधित्वका आधारमा बढीमा १५ सदस्य रहने गरी बेलायतको संसदमा सार्वजनिक लेखा समितिको गठन भएको थियो। सरकारी कोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र कोषको प्रभावकारी र मितव्ययिता ढङ्गबाट खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो। बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ।

नेपालमा सर्वप्रथम वि.सं. २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको गठन भएको थियो भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था गरिएको थियो। हाल नेपालको संविधानको धारा ९७ तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिमको विषयगत समिति मध्ये सार्वजनिक लेखा समितिको व्यवस्था रहेको छ।

त्यसैगरी प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायि र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए/गरेका काम कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेतका लागि प्रदेश सभामा नेपालको संविधानको

---

* कम्प्यूटर अधिकृत, प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश

धारा १९३ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ बमोजिम चारवटा विषयगत समितिहरु रहने व्यवस्था भए अनुरुप सार्वजनिक लेखा समिति रहेको छ। सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सार्वजनिक लेखा समितिमा बढिमा ११ जना सदस्यहरु सभामा प्रतिनिधित्त्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला दलित आदिवासी जनजाति मधेशी थारु मुस्लिम पिछडिएको क्षेत्र खस आर्य तथा अन्य समुदायको प्रतिनिधित्त्व रहने गरी मनोनयन गर्ने व्यवस्था रहेको छ।यसै व्यवस्था अनुसार सार्वजनिक लेखा समितिको गठन भएको थियो भने मिति २०७७ असार २८ गते दुई जना सदस्य थपिएर ९ सदस्यीय समिति बनेको छ। ती विषयगत समितिहरुमध्ये सार्वजनिक लेखा समिति एउटा महत्वपूर्ण समिति हो । समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको अध्यक्ष हुने व्यवस्था भएपनि सार्वजनिक लेखा समितिमा विपक्षी दलका नेता अध्यक्ष हुने अन्तराष्ट्रिय प्रचलन र विभिन्न संसदीय अभ्यास अनुसार यस प्रदेश सभामा पनि विपक्षी दलका नेता अध्यक्ष चयन गरिएको छ । समितिमा कुनै पनि निर्णय गर्नका लागि उपस्थित सदस्य संख्याको बहुमत आवश्यक पर्छ ।

सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रदेश सभा नियमावलीको नियम १४५ अनुसार यस समितिको कार्यक्षेत्र अन्तर्गत देहाय बमोजिमका मन्त्रालय तथा आयोगहरु पर्दछन् :

- प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन,
- सार्वजनिक लेखा तथा प्रदेश लेखा परीक्षक कार्यालयको प्रतिवेदन र
- बेरुजु फछ्र्यौट सम्बन्धी कार्यक्षेत्रहरू पर्दछन् ।

**प्रदेश सभामा सार्वजनिक लेखा समितिको अभ्यास**

यस समितिले प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तथा प्रदेश लेखा परीक्षक कार्यालयको प्रतिवेदनको साथै बेरुजु फछ्र्यौट सम्बन्धी कार्यक्षेत्रहरू पर्दछन् । सार्वजनिक लेखा समितिले सार्वजनिक लेखा अन्तर्गत सरकारी ढुकुटीको दुरूपयोग हुन नदिन प्रदेश सरकार र मातहतका निकाय, मन्त्रालयबाट हुन सक्ने सरकारी सम्पत्ति र राजस्वको हिनामिनाबाट हानि, नोक्सानी पुग्ने देखिएमा त्यस सम्बन्धमा कागजात झिकाएर अध्ययन गर्न, सो सँग सम्बन्धित पदाधिकारीलाई बोलाएर समितिमा छलफल गर्न, प्रमाण बुझ्न, आवश्यक परेमा संसदीय उपसमिति गठन गरेर स्थलगत अध्ययन भ्रमण गर्न साथै छानविनका क्रममा दोषी पाइएमा उपसमितिको प्रतिवेदनअनुसार सिफारिस र प्रमाणको आधारमा सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस/सुझावसमेत दिने गर्दछ ।

### समितिको बैठक सञ्चालन

समितिको अध्यक्षको निर्देशनबमोजिम तोकिएको कार्यसूचीमा तोकिएको दिनमा छलफल गर्नका लागि समितिको बैठक बस्ने गर्छ । समिति सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रहेर समितिको बैठक व्यवस्थापनसम्बन्धी कार्य गर्नुपर्ने हुन्छ । माननीय सदस्यहरूलाई बैठक बस्ने दिन र कार्यसूचीबारे जानकारी दिन फोन तथा म्यासेजमार्फत् अग्रिम जानकारी गराउने गरिन्छ । समितिले बैठक सञ्चालनका लागि आफ्नो आन्तरिक कार्यविधि आफैं बनाएर लागू गर्न सक्ने व्यवस्था भएबमोजिम सो कार्यविधि अनुसार समितिको बैठक बस्ने गर्दछ । समितिको बैठकमा अध्यक्षको अनुमति लिएर, अध्यक्षले नाम उच्चारण गरेपछि मात्र सदस्यहरूले कार्यसूचीमा केन्द्रित रहेर आफ्नो विचार राख्न सक्ने व्यवस्था रहेको छ । समितिको बैठकमा माननीय सदस्यहरूको शतप्रतिशत उपस्थितिको अपेक्षा गरिएको हुन्छ भने बैठक बस्नकै लागि भने एकाउन्न प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य रहेको छ । बैठकमा माननीय अध्यक्ष र समिति सदस्यहरूको उपस्थितिको विवरणलाई सार्वजनिक लेखा समिति सचिवालयले सुरक्षित र व्यवस्थित गर्दै आएको छ । समितिको बैठक सञ्चालन, व्यवस्थापन र सहजीकरण गर्न प्रदेश सभाअन्तर्गत समितिको सचिवालय रहने, प्रदेश सभा सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने, समिति सचिवले पदेन सचिवको रूपमा रही काम गर्ने र समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्ने व्यवस्था रहेको छ । समितिबाट माग भई सम्बन्धित निकायबाट प्राप्त भएका कागजातहरू बैठकमा माननीय सदस्यहरूलाई वितरण गरिन्छ ।

सार्वजनिक निकायहरूले विद्यमान ऐनकानूनमा रही जवाफदेहीता र सुशासन तथा सार्वजनिक कोषको सदुपयोग भए नभएको, उपलब्ध साधनस्रोतको अधिकतम उपयोग भएको वा नभएको सम्बन्धमा विशेष प्राथमिकतामा राखेर जाँच गर्दै आएको छ साथै समितिमा प्राप्त हुने विभिन्न किसिमका उजुरी/निवेदनहरूलाई पनि आफ्नो कार्यक्षेत्र, आवश्यकता र औचित्यको आधारमा सम्बोधन गर्ने गरिएको छ । समितिमा सबै माननीय सदस्यहरू दलीय राजनीतिबाट माथि उठेर कार्यसूचीमा केन्द्रित रही खुला छलफल गरी निष्पक्ष निर्णयमा पुग्नु पर्ने अपेक्षा राखिएको हुन्छ ।

यसै गरी यस सार्वजनिक लेखा समितिले आफ्नो कामको प्रक्रियामा कर्णाली रारा पर्यटन समुद्घाटन कार्यक्रममा प्रदेश सरकारले गरेको खर्च विवरण अनि गरिएका कार्यहरूको अध्ययनको लागि उपसमिति बनाई त्यसमा भएका प्रक्रिया, अवलम्वन गरिएका प्रक्रियाहरूको अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरिएको छ । प्रदेश सरकारले गरेका रकमान्तरणका विषयहरूमा अध्ययन गरी सरकारलाई विभिन्न निर्देशनहरू दिने गरिएको छ । उपसमितिले आफ्नो राय सुझावसहित समितिमा पेश गरेको प्रतिवेदनमाथि समितिमा व्यापक छलफल गरेर उपसमितिको प्रतिवेदनलाई सोही रूपमा वा संशोधनसहित पारित गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाउँछ ।

सार्वजनिक लेखाअन्तर्गत सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक लेखा समितिको बैठकको निर्णयहरू, बैठकमा माननीय सदस्यहरूको उपस्थितिको विवरण, समितिको वार्षिक

प्रतिवेदन लगायतका विषयलाई आफ्नो प्रदेश सभाको Website मा राखेर समितिको गतिविधिको जानकारी गराउँदै जानेमा समिति लागेको छ।

**समस्याहरू**

समितिको बैठक सञ्चालन, सार्वजनिक लेखाको बेरूजु छलफल तथा अभ्यासका क्रममा देखिएका समस्यालाई देहायबमोजिम उल्लेख गरिएको छः-

- प्रदेश सभाको अभ्यास पहिलो भएकोले संसदीय अभ्यास र कर्मचारीहरूको अनुभव तथा दक्षता अभिवृद्धि भै नसकेको अवस्थाले अपेक्षित कार्य गर्न नसकिएको
- समिति सञ्चालनमा प्रविधि मैत्री गराउन नसक्दा कार्यशैलीमा परिवर्तन गर्न नसकिएको,
- समितिमा महालेखा परिक्षकको प्रतिवेदन ढिला प्राप्त हुने कारणले आफ्नो मूल कार्य बेरूजु छलफलभन्दा बढी बाहिर आएका विषयहरू र उजुरीमाथिको छलफलमा केन्द्रित हुनु पर्ने,
- विवरणहरू माग भएको समयमा नआउनु र आउनु पर्ने विवरणहरू प्राप्त नहुने कारणले समितिको कामकारवाही ढिलो हुने गरेको,
- महालेखापरीक्षकको प्रतिवेदन लामो, जटिल र केहि प्राविधिक ज्ञानको कमिले गर्दा अध्ययनमा कठिनाइ हुने गरेको ।

**समस्या समाधानका उपाय**

उल्लेखित समस्या समाधानका उपायलाई देहायबमोजिम उल्लेख गरिएको छः-

- सैद्वान्तिक ज्ञानलाई व्यवहार र संसदीय अभ्यास अनुरुप बनाउन पदाधिकारी तथा कर्मचारीलाई तालिमको व्यवस्था गरिनु पर्ने,
- समिति सञ्चालनमा प्रविधि मैत्री गराइ रेकर्डिङ्गको व्यवस्था गर्दा कार्यशैलीमा परिवर्तन गर्न सकिने,
- सम्बन्धित निकायसँगको समन्वय गरी महालेखा परिक्षकको प्रतिवेदन छिटो प्राप्त हुने व्यवस्था गर्नुपर्ने,
- समन्वयको प्रभावकारिता बढाउने र विवरणहरू माग गर्दा आवश्यकीय खाका बनाई माग गर्ने,
- विषय विज्ञहरू बोलाइ छलफल गरिनु पर्ने।